# शअबान महिनाको श्रेष्ठता

فضائل شهر شعبان

< नेपाली >

लेखकः

अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की

عتيق الرحمن محمد إدريس خان مكي

संशोधनः

मुहम्मद इदरीस सलफी

محمد إدريس سلفي

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.
निःशुल्क वितरणको लागि मात्र

पुस्तक पाइने ठेगाना -:

इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७- ९८१४४९९१४०
सउदी नं. ००९६६५०१३७२२५४
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रस्तावना

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गऱ्यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गऱ्यो, र जसले हाम्रो हृदयलाई आफ्नो सत्मार्गतर्फ लगाइदियो, र आफ्नो श्रद्धा एवं प्रेम र आदरबाट परिपूर्ण गरिदयो । र म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुन् । तसर्थ अल्लाहको नगन्य शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

प्रस्तुत पुस्तिकामा मैले शअ्बान महिनाको श्रेष्ठता र त्यसमा गरिने वैधानिक कार्यहरूको वर्णन गरेको छु र सकेसम्म यसलाई कुरआन र हदीसद्वारा प्रमाणीकरण पनि गरेको छु जसलेगर्दा सत्य असत्य प्रष्ट भइहालोस् ।

मलाई आशा छ कि मेरो यो सानो लेखबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई अवैधानिक कार्यबाट पवित्र गर्नेछ। अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । (आमीन)

**लेखक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१४४९९१४०**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

## पूजाको लागि आफ्नोतर्फबाट कुनै समयलाई विशेष गर्नुको हुकुम

قَالَ تَعَالَى: ﴿ فَسَبِّحْ بِحَمْدِ رَبِّكَ وَكُن مِّنَ ٱلسَّٰجِدِينَ ﴿٩٨﴾ وَٱعْبُدْ رَبَّكَ حَتَّىٰ يَأْتِيَكَ ٱلْيَقِينُ ﴿٩٩﴾ ﴾
الحجر: ٩٨ ـ ٩٩

अर्थ : तपाईले आफ्नो पालनहारको गुणगान गर्दै गर्नुस् र सजदा (ढोग) गर्नेहरूमा शम्मिलित रहनु । र आफ्नो पालनकर्ताको उपासना गर्दै जानुस्, जबसम्म तपाईको मृत्यु हुँदैन । ( सूरतुल् हिज्र ९८,९९ )

अल्लाहले आफ्नो पूजाको लागि नै मानव र दानव जातिलाई अविष्कार गरेको छ जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَمَا خَلَقْتُ ٱلْجِنَّ وَٱلْإِنسَ إِلَّا لِيَعْبُدُونِ ﴿٥٦﴾ ﴾ الذاريات: ٥٦

अर्थ : मैले जिन्न र मानिसहरूलाई यसकारण मात्र सृष्टि गरेको छु ताकि मेरो उपासना गरुन् । ( सूरतुज्जारियात ५६ )

तर पूजा गर्नुको लागि कुनै दिन र महिना एवं समय र रात्री विशिष्ट छैन, बरु मान्छेलाई चाहियो कि पूर्ण जीवन अल्लाहको पूजामा लागेको रहोस् र मृत्यु नहुन्जेल अल्लाहको पूजा अर्चना गर्दै रहोस् जस्तोकि अल्लाहको फर्मान छ :

﴿ فَسَبِّحْ بِحَمْدِ رَبِّكَ وَكُن مِّنَ ٱلسَّٰجِدِينَ ﴿٩٨﴾ وَٱعْبُدْ رَبَّكَ حَتَّىٰ يَأْتِيَكَ ٱلْيَقِينُ ﴿٩٩﴾ ﴾ الحجر: ٩٨ ـ ٩٩

अर्थ : तपाईले आफ्नो पालनहारको गुणगान गर्दै गर्नुस् र सजदा (ढोग) गर्नेहरूमा शम्मिलित रहनु । र आफ्नो पालनकर्ताको उपासना गर्दै जानुस्, जबसम्म तपाईको मृत्यु हुँदैन । ( सूरतुल् हिज्र ९८,९९ )

त यस वर्तमान युगमा मानिसहरूले आफ्नोतर्फबाट दुई चार दिन वा दुई चार रात्रीलाई विशिष्ट गरेर त्यसैमा पूजा अर्चना गर्छन् र यसैलाई प्रयाप्त मान्दछन् जबकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यस सन्दर्भमा के भनेका छन् हेंनुस् :

لا تختصوا ليلة الجمعة بقيام من بين الليالي, ولا تختصوا يوم الجمعة بصيام من بين الأيام . ( مسلم ११४४ )

अर्थ : समस्त रात्रीहरूमा जुमाको रात्रीलाई नमाज पढनुको लागि विशिष्ट नगर, नत दिनहरूमा जुमाको दिनलाई व्रत बस्नुको लागि विशिष्ट गर्नु । ( मुस्लिम हदीस नं. ११४४ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लम स्वयम् पूर्ण वर्ष पूजा आराधना गर्थे र यति गर्थे कि तपाईको पाइलामा सुजन आइहाल्थ्यो । तर आजको युगमा केही रात्रीलाई विशेष गरेर त्यसमा पूजा गर्नुलाई नै राम्रो मानिन्छ जसको इस्लामबाट कुनै सरोकार छैन रसूल सल्लल्लाहो अलैहे वसल्लमको र्फान छः

فإن خير الحديث كتاب الله وخير الهدي هدي محمد صلى الله عليه وسلم, وشر الأمور محدثاتها, وكل بدعة ضلالة . (مسلم ८६७ )

अर्थ : सर्वोत्कृष्ट कुरो अल्लाहको किताबमा छ, र सर्वोतकृष्ट पद्धति मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको पद्धति हो, र सबैभन्दा घृणित कार्य इस्लाम धर्ममा नौलो अविष्कृत कार्य (बिदअत) हो, र प्रत्येक बिदअत पथभ्रष्टता हो । ( मुस्लिम हदीस नं. ८६७ )

त प्रष्ट यो भयो कि जुन कुराको प्रमाण कुरआन र हदीसबाट मिल्छ त्यसैलाई गरेर मान्छे स्वर्ग प्राप्त गर्न सक्छ तर त्यसको विरुद्ध कार्य गरेमा नर्कसम्म अवशय पुग्ने छ । त आफ्नोतर्फबाट कुनै समयलाई कुनै प्रकारको पूजाको लागि विशिष्ट गर्नु जायज छैन ।

### शअ्बानको श्रेष्ठता

यस शअ्बानको महिनामा पनि कतिपय अवैधानिक क्रियाकलापहरू गरिन्छ र १५ शअ्बानको रात्रीलाई पूजा आराधनाको लागि विशिष्ट गरिन्छ र यस महिनामा जति बिदअतहरू गरिन्छ ती मध्ये अधिकांशलाई मैले आफ्नो किताब “शअ्बानमा गरिने केही बिदअतहरूको वर्णन” मा वर्णन गरेको छु यसबारेमा जानकारीको लागि उपरोक्तको किताबलाई हेर्नुहोस् । तसर्थ यसलाई पुनः वर्णन गर्नुको कुनै

आवश्यकता छैन, म यस लेखमा मात्र शअ्बान महिनाको श्रेष्ठतालाई वर्णन गर्न चाहन्छु यसर्थ त्यसैतर्फ लागौं !

यस महिनामा रसूल सल्लल्लाहो अलैहे वसल्लम रमजान बाहेक अरु समस्त महिनाहरू भन्दा अधिक व्रत बस्थे । हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि :

ما رأيت النبي صلى الله عليه وسلم استكمل صيام شهر قط إلا رمضان, وما رأيته في شهر أكثر صياما منه في شعبان. ( بخاري ज्ञढटढ,ज्ञढठण , مسلم ज्ञज्ञछट )

अर्थ : मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई रमजान बाहेक अरु कुनै पूर्ण महिनाको व्रत बस्दा हेरेको छैन, नत मैले उहाँ सल्लल्लाहो अलैहे वसल्लमलाई शअ्बान महिना भन्दा बढी व्रत बस्दा कुनै अरु महिनामा हेरेको छु । (बुखारी हदीस नं. १९६९ र १९७०, र मुस्लिम हदीस नं.११५६)

र आर्को हदीसमा छ :

كان أحب الشهور إلى رسول الله صلى الله عليه وسلم أن يصومه شعبان ثم يصله برمضان . ( أبو داؤد द्दद्धघज्ञ , وصححه الألباني )

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई व्रतको लागि सबैभन्दा प्रिय महिना शअ्बान लाग्थ्यो अनि त्यस पश्चात रसूल सल्लल्लाहो अलैहे वसल्लम रमजानको व्रत बस्थे । ( अबू दाऊद हदीस नं. २४३१, र यस हदीसलाई अल्लामा अल्बानीले सही भनेका छन् )

र हजरत आइशा रजिअल्लाहो अन्हाको नै वर्णन छ कि :

ما رأيت النبي صلى الله عليه وسلم في شهر أكثر صياما منه في شعبان, كان يصومه إلا قليلا, بل كان يصومه كله. (ترمزي ठघट وصححه الألباني )

अर्थ : मैले नबी सल्लल्लाहो अलैहे वसल्लमलाई शअ्बान महिना भन्दा अधिक व्रत बस्दा हेरे छैन, उहाँ सल्लल्लाहो अलैहे वसल्लम यस महिनामा केही दिन बाहेक समस्त दिनमा व्रत बस्थे बरु पूर्ण महिनाको व्रत बस्थे । ( तिर्मिजी हदीस नं. ७३६, र यस हदीसलाई अल्लामा अल्बानीले सही भनेका छन् )

त प्रष्ट यो भयो कि यस महिनामा धेरै व्रत बस्नुको श्रेष्ठता प्रमाणित छ त यसैलाई निरन्तरता दिनु र यसै बमोजिम कर्म गर्नु नै दुरुस्त छ । र यस बाहेक कुनै दिन अथवा रात्रीलाई विशिष्ट गर्नु र त्यसमा मात्र पूजा आराधना गर्नु सही छैन । बरु समस्त प्रकारको लाभ कुरआन र हदीसको अनुशरण गर्नुमा नै छ जस्तोकि अल्लाहको फर्मान छ :

﴿ قَالَ ٱهۡبِطَا مِنۡهَا جَمِيعَۢاۖ بَعۡضُكُمۡ لِبَعۡضٍ عَدُوّٞۖ فَإِمَّا يَأۡتِيَنَّكُم مِّنِّي هُدٗى فَمَنِ ٱتَّبَعَ هُدَايَ فَلَا يَضِلُّ وَلَا يَشۡقَىٰ ١٢٣ ﴾ طه: ١٢٣

अर्थ : आदेश भयो तिमी दुवै यहाँबाट तल झर । तिमी आपसमा एक अर्काको शत्रु हौ । अब जहिले पनि मेरो तर्फबाट मार्गदर्शन जाने छ तब जसले मेरो मार्गदर्शनको अनुपालन गर्दछ । ऊ नत पथभ्रष्ट हुनेछ र न कष्टमा पर्नेछ । ( सूरतु ताहा १२३ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ وَلَا تَكُونُواْ كَٱلَّذِينَ تَفَرَّقُواْ وَٱخۡتَلَفُواْ مِنۢ بَعۡدِ مَا جَآءَهُمُ ٱلۡبَيِّنَٰتُۚ وَأُوْلَٰٓئِكَ لَهُمۡ عَذَابٌ عَظِيمٞ ١٠٥ ﴾ آل عمران: ١٠٥

अर्थ : तिमी ती मानिसहरू जस्तो नहुनु जसले आफू समक्ष स्पष्ट आदेशहरू आइपुगेपछि पनि एकअर्कासँग विवाद र मतभेद गर्नथाले । यी त्यस्ता मानिसहरू हुन् जसले ठूलो सजाय भोगने छन । ( सूरतु आले इम्रान १०५ )

**शअ्बान महिनामा व्रत बस्नुको तत्वदर्शिता**

हामीलाई थाहा भयो कि शअ्बान महिनामा व्रत बस्नु र सके सम्म अधिक मात्रामा व्रत बस्नु प्रमाणित र श्रेष्ठ छ त यसको तत्वदर्शिताको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले बताउनु भएको थियो जब हजरत उसामा बिन जैदले सोध्नु भयो कि हजुर यस महिनामा अरु महिनाहरूको तुलनामा

अत्याधिक मात्रामा व्रत बस्नुहुन्छ यसको कारण के हो ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको थियो:

ذاك شهر تغفل الناس فيه عنه بين رجب ورمضان, وهو شهر ترفع فيه الأعمال إلى رب العالمين, وأحب أن يرفع عملي وأنا صائم. ( النسائي ,द्दघछठ أحمد ,द्दज्ञठछघ , وحسنه الألباني )

अर्थ : यो त्यो महिना हो जुन रजब र रमजान बीच छ जसमा मानिसहरू व्रत बस्नुबाट अनभिज्ञ ( गाफिल) छन्, तर यो यस्तो महिना हो जसमा कर्मपत्र समस्त ब्रह्माण्डको प्रतिपालकतर्फ उठाइन्छ, तसर्थ मलाई यो प्रिय लाग्छ कि जब मेरो कर्मपत्र मेरो पालनकर्ताको दरबारमा पेश गरियोस् त म व्रतको अवस्थामा होऊँ । (नेसाई हदीस नं. २३५७, र अहमद हदीस नं. २१७५३, र अल्लामा अल्बानीले यस हदीसलाई विश्वास्सनीय भनेका छन् )

त प्रष्ट यो भयो कि यस महिनामा कर्मपत्री अल्लाह समक्ष पेश गरिन्छ त हामीमाथि यो उचित छ कि हामी पनि यस महिनामा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम झैं अधिकभन्दा अधिक व्रत बसौं, र ती समस्त गतिविधिहरूबाट टाढा नै रहौं जसलाई केही अनभिज्ञ र अज्ञानीहरू गर्दछन् यसैमा हाम्रो लोक परलोकको लाभ नीहित छ ।

त यो थियो अति संक्षेपमा शअ्बान महिनाको श्रेष्ठता । अन्त्यमा म अल्लाहसित यो याचना गर्दछु कि अल्लाह हामी सबैलाई बिदअतबाट सुरक्षित राखि हाम्रो सुकर्महरूलाई कबूल गरी आफ्नो अर्शमुनि स्थान प्रदान गरुन् । र जेजति हामीले अज्ञानतामा ग्रस्तभएर पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र यो विन्ती छ कि अल्लाह हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन् । र हामीलाई पूर्णरूपले धर्म इस्लाममा प्रवेश हुने सुअवसर प्रदान गरुन्, र त्यसको ज्ञान प्रदान गरी त्यसै बमोजिम कार्यरत रहने शक्ति र दक्षता प्रदान गरुन् । र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

**समाप्त**


**लेखक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१४४९९१४०**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

IslamHouse.com